# चन्दननाथ नगरपालिकाको
# पूर्वाधार निर्माण, साधन परिचालन तथा व्यवस्थापन निर्देशिका २०७५

**प्रमाणीकरण मिती**
**२०७५।७।२०**

## २०७५ सालको निदेशिका नं

**प्रस्तावना :**
चन्दननाथ नगरपालिका नगरकार्यपालिकाको कार्यालय, जुम्लाले आफ्नो नगरको पूर्वाधार विकासका लागि खरिद गरेको टिप्पर, रोलर, स्काभेटर, ट्याक्टर, ट्राली लगायतका समेतका नगरपालिकाको स्वामित्वमा रहेका विभिन्न निर्माणका साधनहरु विभिन्न व्यक्ति, समूह, समिति, संस्था तथा निकायलाई भाडामा उपलब्ध गराउँदा अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि चन्दननाथ नगरपालिका नगरसभाले चन्दननाथ नगरपालिकाको पुर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन निर्देशिका २०७५ वनाएको छ ।

## परिच्छेद- १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस निर्देशिकाको नाम चन्दननाथ नगरपालिकाको पुर्वाधार निर्माण ,साधन परिचालन तथा व्यवस्थापन निर्देशिका २०७५ रहेको छ ।

२) यो निर्देशिका प्रमाणीकरण भएको  मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१) “निर्देशिका” भन्नाले पुर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन निर्देशिका २०७५ सम्झनु पर्दछ

२) “नगरपालिका” भन्नाले चन्दननाथ नगरपालिका सम्झनु पर्दछ ।

३) “कार्यालय” भन्नाले चन्दननाथ नगरकार्यपालिकाको कार्यालय जुम्ला बुझ्नुपर्छ ।

४) “कोष” भन्नाले चन्दननाथ नगरपालीका यस निर्देशिका बमोजिम गठन गरिएको पूर्वाधार निर्माण,साधन परिचालन कोष बुझ्नुपर्छ ।

५) “पूर्वाधार निर्माण साधान” भन्नाले विकास निर्माण सम्बन्धी काम गर्न प्रयोग गरिने नगरपालिकाको स्वामित्वमा रहेको मेशीनरी उपकरणहरु टिपर, रोलर, स्काभेटर, जेसिवी, ट्याक्टर, ट्राली आदी लाई जनाउँछ ।

६) “धरौटी” भन्नाले कुनै काम नसकिए सम्म जमानत वापत राखिएको रकमलाई जनाउँछ

**३. निर्देशिकाको उद्देश्य :** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :

१) नगरपालिकाको स्वामित्वमा रहेका पूर्वाधार निर्माण साधनः टिप्पर, रोलर, लोडर, स्काभेटर, जेसिवी, ट्याक्टर, टाली लगायतका साधनलाई सदुपयोग गर्न सघाउ पुऱ्याउने ।

२) नगरपालिकामा रहेका पूर्वाधार निर्माण साधनहरुलाई मितव्ययी पारदर्शी तरिकाले सञ्चालन गरी नगरपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने तथा जनतालाई सुलभ र गुणस्तरीय सेवा दिई नगरपालिका प्रति जनताको अपनत्व बृद्धि गर्ने ।

३) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउने ।

४) नगरपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तीय अनुशासन कायम गर्ने ।

५) नगर पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन समितिलाई उल्लेखित साधनहरु प्रति अझ बढी जिम्मेवार र उत्तरदायी बनाउने ।

६) नगरपालिकाका पूर्वाधार निर्माण साधनहरुलाई कुशलतापूर्वक संचालन गरी दीर्घकालिन रुपमा प्रयोगमा ल्याउने ।

७) नगरपालिकाले आफुले साधन प्रयोग गर्दा भएको विवरण (शव सद-गत लगायतका हकमा लगवुक तयार) समिति समक्ष बैठकमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-२

**४. पूर्वाधार निर्माण साधन प्रयोगको क्षेत्र र प्राथमिकता क्रम :**

१) टिप्परको प्रयोग प्रकोप उद्धार, फोहरमैला व्यवस्थापन र विकास निर्माण सम्बन्धी कार्यका साथै तोकिएको भाडादरमा समेत प्रयोग गरिनेछ ।

२) नगरपालिकाको स्वामित्वमा रहेको पूर्वाधार निर्माण साधन प्रयोग गर्न उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिने छ :

क) प्रकोप उद्धारको कार्य

ख) नगर क्षेत्रमा नगरपालिकाबाट संचालन भएका विकासका आयोजनाहरुको कार्य

ग) नगर क्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनाको कार्य (तोकिएको भाडादरमा)

घ) नगरपालिका क्षेत्र भित्र सरकारी, गैर सरकारी क्षेत्रबाट संचालित विकास आयोजनामा सम्बन्धित कार्यमा नगर क्षेत्रका अन्य व्यवसायी, निर्माण व्यवसायीहरुलाई भाडामा दिँदा ।

ङ) नगरपालिका क्षेत्र बाहिर जुम्ला जिल्लाभित्र संचालित विकास निर्माण सम्बन्धित कार्यका लागि विभिन्न निर्माण व्यवसायी, व्यक्ति, समुह समिति वा संस्थालाई भाडामा दिँदा ।

## ५. पूर्वाधार निर्माण, साधन संचालनका लागि जनशक्ति व्यवस्था :

१) टिप्पर : टिप्पर संचालन गर्नका लागि एक जना चालकको व्यवस्था गरिनेछ ।

२) जेसीवी तथा स्काभेटरः जेसिवी तथा स्काभेटर संचालन गर्नका लागि एक जना चालक र एक जना सहयोगीको व्यवस्था गरिनेछ ।

३) रोलर (व्याक हो लोडर) : रोलर संचालन गर्नका लागि एक जना चालक व्यवस्था गरिनेछ ।

४)ट्याक्टर (ट्राली सहित): टयाक्टर (ट्राली सहित) र संचालन गर्नका लागि एक जना चालकको व्यवस्था गरिनेछ ।

५) साधन परिचालन का लागी राखिएका चालक र सहचालक (सहयोगी) को पारिश्रमिक तथा सुविधा नगर सभाबाट निर्धारण भए बमोजिम हुनेछ ।

६) टिप्पर, जेसिवी तथा स्काभेटर, रोलर, ट्याक्टर चालक र सहचालक (सहयोगी) दैनिक ज्यालादारी वा सेवा करारमा लिइनेछ ।

७) टिप्पर, जेसिवी तथा स्काभेटर, रोलर, ट्याक्टर आदिको संचालनबाट प्राप्त आम्दानीको आधारमा नगर कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहनको व्यवस्था गर्न सकिनेछ ।

# परिच्छेद-३

## ६. पूर्वाधार निर्माण साधन भाडा दर निर्धारणः

१) नगरपालिकाको टिप्पर, जेसिवी तथा स्काभेटर, रोलर, ट्याक्टरको भाडा दर प्रचलित बजार मुल्यलाई आधार मानी नगर कार्यपालिकावाट निर्धारण भए बमोजिम हुनेछ ।

२) उक्त दर वार्षिक रुपमा कार्यपालिकाले निश्चत मापदण्ड बनाई लागु गर्नु पर्नेछ ।

## ७. पूर्वाधार निर्माण साधन भाडामा दिंदा अपनाउनु पर्ने कार्यविधिः

१) भाडामा लिन चाहने व्यक्ति, संघ, संस्था, उपभोक्ता समिति, फर्म तथा कम्पनीको प्रोप्राईटरले नगरसभा वा नगरकार्यपालिकावाट स्वीकृत दररेटमा अग्रीम रुपमा रकम नगरपालिकामा नगदै जम्मा गरेको धरौटी रसिद वा नगरपालिकाको नाममा नगदै वा चन्दननाथ नगरपालिकाले तोकी दिएको बैंकको खातामा तोकिएको समय अनुसारको रकम जम्मा गरेको बैंक भौचर सहित अनुसूची-१ बमोजिम ढाँचामा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

२) यसरी निवेदन प्राप्त हुन आएमा पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन समितिको बैठक बसी पूर्वाधार निर्माण साधन उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।
३) तोकिएको समयावधीको कार्य समय समाप्त भएपछिको भाडा रकम वाफतको नगरपालिकाले कट्टी गर्नुपर्ने रकमको नगदी रसिद कार्यालयले उपलब्ध गराउने छ ।
४) धरौटी वाफत जम्मा भएको रकमले खामे भन्दा बढी समय साधनवाट कार्य प्रकृया अगाडी बढाउन बाध्य हुने छैन ।
५) कार्यालयमा आई वा कार्यालयका प्रतिनिधि वा पूर्वाधार निर्माण साधन चालकलाई धरौटी वाफत थप रकम बुझाएमा कार्यसुचारु गर्न सकिनेछ । सो कुराको जानकारी कुनै पनि संचार माध्यमबाट तुरुन्त कार्यालय प्रमुखलाई जानकारी गराउनु पर्नेछ ।

६) कार्यालयको अनुमती नलिई चालकले कार्य प्रकृया अगाडी बढाएमा चालकबाटै सरकारी बाँकी सरह असुल उपर गरी चालकलाई विभागीय कारवाही वा सेवा करार भंग गरिनेछ ।
७) पूर्वाधार निर्माण सामाग्री भाडामा लिन चाहने व्यक्ति संस्था, फर्म, उपभोक्ता समिति, कम्पनी वा प्रोप्राईटरले भाडामा लिँदा, भाडा चन्दननाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वा साधन रहेकै स्थानबाट भाडादर गणना गरिनेछ ।
८) यदी नगरपालिकाको कोषबाटै हुने विकास निर्माण कार्यको हकमा व्यक्ति, संस्था, फर्म कम्पनी, उपभोक्ता समितिले कार्य संचालन गर्दा नगरपालिकाले निजको बिलबाट कट्टा हुने गरी तोकिएको भाडादरमा टिप्पर वा साधन उपलब्ध गराउन सक्नेछ । तर अग्रीम नगदै वा बैंक जम्मा गर्ने व्यक्ति फर्म, संस्था, कम्पनी, निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई विशेष प्राथमिकता दिईनेछ ।
९) पूर्वाधार निर्माण सामाग्री भाडामा लिने व्यक्ति फर्म, संस्था, कम्पनी, ठेकेदार, उपभोक्ता समितिले पूर्वाधार निर्माण सामाग्री भाडामा लिने स्थान देखि नै इन्धन खर्च व्यर्होनु पर्नेछ ।
११) चालकले प्रत्येक घण्टाको लगबुक तयार गर्नु पर्नेछ । कार्य स्थलमा काम गर्दा बढी रकम गरी कम काम देखाई वा तोकिएको भन्दा बढी काम गरी कुनै तरिकाले कुनै कर्मचारी तथा पदाधिकारी, व्यक्ति, संस्था, ठेकेदार वा उपभोक्ता समितिको यस निर्देशिका भावना र मर्म विपरीत हुने गरी प्रलोभन, मोलाहिजा, भनसुन तथा कसैको डर, धम्की धाकमा परी कसैलाई संचालन गर्न दिए हानी नोक्सानी भएको रकम चालकबाटै अशुल उपर गरी उल्लेखित कार्यलाई गम्भिर अपराध मानी प्रचलित कानून बमोजिम निजलाई कारवाही गरिनेछ ।
१२) नगरपालिकाको पूर्वाधार निर्माण साधनको अनिवार्य रुपमा बिमा गर्नु पर्नेछ ।

## परिच्छेद-४

**८. पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन कोषको संचालन :**

१) पूर्वाधार निर्माण साधनको आन्तरिक खाता बेग्लै हुनेछ । उक्त खातामा उक्त मेशिनले कार्य गर्दा प्राप्त हुने भाडा रकमलाई जम्मा गरिनेछ ।

२) पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन कोष खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

३) पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन कोषको आन्तरिक तथा अन्तिम लेखा परीक्षण नगरपालिकाको लेखा परीक्षण सँगै गराउनु पर्नेछ ।

**९. पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन कोष खर्च :** नगरपालिकामा पूर्वाधार निर्माण साधनको एक परिचालन तथा व्यवस्थापन कोष रहनेछ । यस कोषमा पूर्वाधार निर्माण साधन भाडामा दिँदा प्राप्त भएको रकम जम्मा गरिने छ । उक्त कोषबाट तपशील बमोजिमका शीर्षकहरु बाहेक अन्य शीर्षकमा कुनै रकम खर्च गरिने छैन ।

१) सवारी चालक र सहयोगीलाई दिइने तोकिए अनुसारको तलब भत्ता रकम ।

२) इन्धन खर्च ।

३) मेशिनरी औजार उपकरण पाटपूर्जाको मर्मत तथा खरिद खर्च ।

४) मेशिन संचालन गरे बाफत नेपाल सरकारलाई तिर्नुपर्ने कर रकम ।

५) पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन समितिको बैठक बस्दा भएको बैठक भत्ता र चिया नास्ता खर्च ।

६) नगरसभा/नगर कार्यपालिकाले निर्णय गरे अनुसारका अन्य शीर्षकहरुमा खर्च हुने रकम

७) मेसिन संचालन गर्दा आईपर्ने विविध तथा भैपरी खर्च ।

## परिच्छेद-५

**१०. पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन समितिको गठन :**पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम एक पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन समिति हुनेछ ।

१) कार्यपालिका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको व्यक्ति संयोजक

२) कार्यपालिका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको व्यक्ति १ महिला सहित

४ जना,सदस्य

३) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

४) योजना, अनुगमन तथा तथ्यांक शाखा प्रमुख, सदस्य –सचिव

## ११. पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१) भाडामा संचालन हुने सवारी साधनहरुको माथी उल्लेखित प्रावधानहरुको परिधि भित्र व्यक्ति संस्था, निर्माण व्यवसायी, उपभोक्ता समितिहरुलाई भाडामा सवारी साधनलाई उपलब्ध गराउने ।

२) सवारी साधनहरुको मर्मत सम्भार तथा पाटपुर्जा थप गर्नुपर्ने भए निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

३) पूर्वाधार निर्माण साधन परिचालन तथा व्यवस्थापन समितिको बैठक महिनाको १ पटक अनिवार्य रुपमा बस्नु पर्नेछ । आवश्यकता अनुसार थप बैठकहरु बस्न सक्नेछन् ।

४) बैठकमा प्रत्येक सवारी साधनहरुको अवस्था, वस्तुस्थिति र आय-व्यय समेतको समिक्षा गरी प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने ।

५) बैठकको गणपुरक संख्या दुई तिहाई हुनेछ । बहुमत सदस्यको निर्णय मान्य हुनेछ ।

६) बैठक संचालन हुँदा उक्त कोषबाट बैठक भत्ता र खाजा खर्च बाहेक अन्य खर्च गरिने छैन ।

## १२. निर्देशिकाको पालना :

नगरपालिकाले यस निर्देशिकाको प्रावधानहरुको अतिरिक्त बजेट अख्तियारीमा तोकिएका शर्तहरु, नगरकार्यपालिका तथा नगर सभाबाट गरिएको निर्णयहरुको समेत पालना गर्नु गराउनु पर्नेछ ।

## १३. थपघट वा हेरफेर गर्न सक्ने :

यस निर्देशिका कार्यान्वयनका शिलशीलामा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले यस निर्देशिकामा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## १४. संशोधन, खारेजी र बचाऊ :

क) यस निर्देशिकामा उल्लेखित कुराहरुमा छुट हुन गई कुनै कुरा थपघट वा हटाउन वा परिमार्जन नगरकार्यपालिकाले गर्न सक्नेछ ।

ख) यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा नगरकार्यपालिका तथा नगरसभाको निर्णय, निर्देशन वा आदेश बमोजिम हुनेछ ।

## अनुसूची -१
**(दफा ७ सँग सम्बन्धित)**
**निवेदनको ढांचा**

मितिः ……………

श्री ………………………ज्यू
चन्दननाथ नगरपालिका
नगरकार्यपालिकाको कार्यालयजुम्ला
६ नं. प्रदेश नेपाल ।

विषय : साधन भाडामा पाउ भन्ने वारे ।

उपरोक्त सम्वन्धमा म/हामी/फर्म/संघ/संस्थाले तहां कार्यालयको ………………………………………साधन ……………………………समयका लागि भाडामा लिनु पर्ने भएकोले तहां कार्यालयमा नगदै वा बैंक खाता नं ……………मा रकम जम्मा गरी सकेकोले तहां कार्यालयको साधन भाडामा पाऊ भनि यो निवेदन पेश गर्दछु ।

नाम थर : ………………………
ठेगाना :………………………
प्रो. : ……………………